सुनवल नगरपालिका
नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला, ५ नं. प्रदेश, नेपाल

# स्थानीय राजपत्र

भागः २ खण्डः ३ संख्याः १ २६ वैसाख २०७६, विहिवार

सुनवल नगरपालिकाको नगरकार्यपालिकाले वनाएको तल लेखिए वमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रशासन गरिएको छ ।

सम्वत् २०७६ सालको कार्यविधि नं. १

## सुनवल नगरपालिकाको अमानतवाट नदीजन्य पदार्थ घाटगद्दी तथा विक्री वितरण सम्बन्धि कार्यविधि, २०७६

प्रस्तावना : सुनवल नगरपालिका क्षेत्रभित्र रहेका नदिहरुबाट नदीजन्य पदार्थ व्यवस्थापन (उत्खनन्, संकलन तथा बिक्री वितरण) गर्ने कार्य व्यवस्थित बनाई आन्तरिक राजश्व बढाउने र संघीय सरकार, प्रदेश सरकार र नगर द्वारा सञ्चालित आयोजनाहरुमा नदीजन्य पदार्थको अभाव हुन नदिई विकास निर्माण कार्यलाई सहज र सरल तवरले लक्ष्यमा पुऱ्याउन आधुनिक प्रविधिलाई वातावरणमैत्री तवरले प्रयोग गरी नदिजन्य पदार्थ नगरपालिकाले घाटगद्दी गर्न लगाई नियमानुसार बिक्रि वितरण गर्ने आवश्यक देखिएकोले सुनवल नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ वमोजिम सुनवल नगरपालिकाले सुनवल नगरपालिकाको अमानतवाट नदीजन्य पदार्थ घाटगद्दी तथा विक्री वितरण सम्बन्धि कार्यबिधि, २०७६ जारी गरी लागु गरिएको छ ।

परिच्छेद १

## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम .सुनवल नगरपालिकाको अमानतवाट नदीजन्य पदार्थ घाटगद्दी तथा विक्री वितरण सम्बन्धि कार्यबिधि, २०७६ रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) नगरपालिका भन्नाले सुनवल नगरपालिका सम्झनु पर्छ ।

(ख) कार्यपालिका भन्नाले सुनवल नगरपालिका, नगरकार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) कार्यालय भन्नाले सुनवल नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

परिच्छेद-२

## अमानतमा नदीजन्य पदार्थको व्यवस्थापन

**३. नदीजन्य पदार्थको अमानतमा व्यवस्थापन :** प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनलाई मुख्य आधार मानी, संघीय सरकार, प्रदेश सरकार, राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति लगायत नदिजन्य पदार्थ व्यवस्थापन सम्बद्ध अनुगमनकारी निकाहरुबाट प्राप्त भएका र प्राप्त हुने निति निर्देशन, स्थानीय आवश्यकता, अपरिहार्यता र सम्भावित विपद्लाई मध्यनजर गर्दै नगर भित्रको नदिजन्य पदार्थ अमानतमा व्यवस्थापन गर्दा नदीजन्य पदार्थको संकलन, घाटगद्दी तथा विक्रि वितरणका कार्यहरु गरिनेछ ।

**४. नदीजन्य पदार्थ संकलन तथा घाटगद्दी :** नदीजन्य पदार्थको संकलन तथा घाटगद्दी देहाय वमोजिम गरिनेछ ।

(१) तोकिएका खोला (नदि) खण्डहरुबाट प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) ले निर्धारण गरेको क्षेत्रबाट तोकिएको परिमाणमा नदिजन्य पदार्थको संकलन गरिनेछ ।

(२) नदिजन्य पदार्थको संकलन गरि स्थानीय अनुगमन समितिले तोकेको स्थानमा घाटगद्दी गरिने छ र घाटगद्दी पश्चात् नगरबाट स्वीकृत दररेटमा  घाटगद्दी स्थलबाटै बिक्रि गर्ने व्यवस्था गरिनेछ ।

(३) घाटगद्दी स्थल र नदिजन्य पदार्थ संकलन गरिने खोला खण्डको स्थानीय अनुगमन समिति र नगर कार्यपालिकाबाट तोकिएको अन्य समिति तथा सम्बन्धित विज्ञहरुको टोलीले नियमित अनुगमन गर्नेछ ।

(४) नदिजन्य पदार्थको संकलन, घाटगद्दी, तथा बिक्रि वितरण गर्दा अनुगमन समितिले निर्णय गरि क्ष्भ्भ प्रतिवेदनले निर्धारण गरेका मापदण्डहरुलाई पालना हुने गरी आवश्यक मेसिनरी औजारको प्रयोग गर्न सकिनेछ । यसरी मेसिनरी औजार (ज्भबखथ भ्त्रगष्ऋभलत) को प्रयोग गर्दा अनुगमन समितिको निर्देशन र रेखदेखमा नदिजन्य पदार्थ संकलन गर्न प्रयोग गरिने मेसिनरी औजारहरु र खोला खण्डबाट नदिजन्य पदार्थ घाटगद्दी स्थलसम्म ढुवानी गर्न प्रयोग गरिने ढुवानी साधनहरुको लगत राखिने छ र अनुमति बाहेकाका साधनहरु प्रयोग गरिने छैन ।

(५) घाटगद्दी गरिएको नदिजन्य पदार्थलाई अनुगमन समितिको रोहवरमा प्राविधिक नापजाँच गरी परिमाण एकिन गरिनेछ ।

**५. नदिजन्य पदार्थ बिक्रि वितरण :** दफा ४ वमोजिम घाटगद्दी गरिएको नदिजन्य पदार्थ देहाय वमोजिम विक्रि वितरण गरिने छ ।

(१) घाटगद्दी गरिएको नदिजन्य पदार्थलाई बिक्रि वितरण गर्न अनुगमन समितिले नगरपालिकाबाट निर्धारण भएको दरमा बिक्रि गर्ने व्यवस्था गर्नेछ । नदिजन्य पदार्थको संकलन घाटगद्दी तथा बिक्रि वितरण गर्ने कार्यको लागि आवश्यकता अनुसार जनप्रतिनिधी, स्थानीय सुरक्षाकर्मी, नगर प्रहरी र नगरपालिकाका कर्मचारीहरु परिचालन गर्न सकिनेछ । जनशक्तिको अभाव भएमा प्रचलित नियमको अधिनमा रहि स्थानीय बन समिति, क्लवहरु, आमा समुह, टोल विकास संस्था वा स्थानीय सरोकारवाला मध्येबाट आवधिक प्रयोजनको लागि जनशक्तिको व्यवस्था गरि कार्य गराउन सकिनेछ ।

(२) नदीजन्य पदार्थको बिक्रि वितरणबाट प्राप्त हुने राजश्व नगरपालिकाको राजश्व खातामा जम्मा गर्ने व्यवस्था गरिनेछ ।

(३) घाटगद्दी स्थलबाट नदिजन्य पदार्थ निकासी गरिने निकासी मार्ग अनुगमन समितिले तोके बमोजिम हुनेछ ।

(४) घाटगद्दीस्थल प्रवेश गर्न र ढुवानी गर्न राजश्व तिरेको प्रमाणित रसिदलाई आधार मानिने र अनुगमन समितिले आवश्यक ठानेमा अन्य उपयुक्त व्यवस्था मिलाउन सक्नेछ ।

परिच्छेद ३

## विविध

**६. वाधा अडकाउ फुकाउ :**

(१) यस कार्यविधिको कार्यान्वयनमा कुनै वाधा अडकाउ आईपरेमा नगर कार्यपालिकाले वाधा अडकाउ फुकुवा गर्न सक्नेछ ।

(२) यो कार्यविधिमा उल्लेख भएका वुदाहरुको थप स्पष्टता र व्याख्या नगर कार्यपालिकाले गर्न सक्नेछ।

७. संशोधन, खारेजी तथा वचाउ : (१) यो कार्यविधि आवश्यकता अनुसार नगरकार्यपालिकाले संशोधन, परिमार्जन वा खारेज समेत गर्न सक्नेछ ।

(२) यस कार्यविधिमा उल्लेख भएका कुराहरुको हकमा यसै कार्यविधि अनुसार र उल्लेख नभएकाको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

प्रमाणीकरण मितिः २०७६/०१/२६

आज्ञाले,
**रामलाल श्रेष्ठ**
प्रमुख प्रशासकीय अधिकृत